# झिमरुक गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-३ संख्याः-८ मितिः-२०७७/१०/०८


**भाग-२**

**झिमरुक गाउँपालिका**

## झिमरुक गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावनाः** नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्वन्धी कार्य संचालनको लागि गाउँपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले झिमरुक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४, को दफा ४ बमोजिम झिमरुक गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो कार्यविधिको नाम झिमरुक गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र (पहिलो संशोधन) सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधिमा भएको संशोधन झिमरुक गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

**२) ऐनको दफा ६ मा संशोधन** : यस अघि निर्माण भएको ऐनको दफा ६ मा " इजाजतपत्रको खारेजी " को सट्टामा संशोधन गरी "इजाजतपत्रको नामसारी, ठाउँसारी र खारेजी" बनाइएको छ। उक्त दफामा देहाय बमोजिमको संशोधन गरिएको छ।

**६) इजाजतपत्रको नामसारी ठाउँसारी र खारेजी :**

**(१)** नामसारी र ठाउँसारी गर्दा रु १०,००० (दश हजार) दस्तुर लाग्ने छ। निर्माण व्यावसायीले ईजाजतपत्र नामसारी वा ठाउँसारी गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

१. उद्योग व्यवसाय ठाउँसारी/नामसारी गरेको प्रमाण पत्र

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

३. नविकरण गरेको "घ" वर्गको निर्माण व्यवसायीक ईजाजत पत्रको प्रतिलिपि

४.नामसारीको लागि दुवै पक्षको संयुक्त निवेदन

५.प्रोपराईटरको मृत्यु भएको हकमा मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि

६.प्रचलित कानून वमोजिम हकवालाको निवेदन

७. नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि

**(२)** देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखस् आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखी आएमा।

**(३)** उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

**(४)** दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वत खारेज हुनेछ।

**(५)** उपदफा (१) वा (४) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

**(६)** उपदफा (१) बमोजिम इजाजतपत्र ठाउँसारी गरेमा इजाजतपत्र झिमरुक गाउँपालिकाबाट स्वत खारेज हुनेछ।

आज्ञाले

कमल प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत